(३) खुद नाफा वा नोक्सानीको हिसाब तयार गर्दा प्राप्त भैसकेको नाफा र व्यहोरेको घाटा वा व्यहोर्न बाँकी रहेको घाटा र खुद मूल्याङ्कन नाफा वा घाटा समायोजन गरी खराब वा शङ्कास्पद ऋण र सम्पत्तिको ह्रास कट्टी व्यवस्था घटाउनु पर्नेछ ।

४१. खुद नाफाको बाँडफाँड : (१) कुनै आर्थिक वर्षमा बैङ्कले मुनाफा आर्जन गरेमा त्यस्तो मुनाफाको बाँडफाँड तथा प्रयोग देहायको प्राथमिकता अनुरुप गरिनेछ :-

(क) वासलातमा देखाइएको बैङ्कको कुल मौद्रिक दायित्वको पाँच प्रतिशत नपुगेसम्म प्रत्येक वर्षको खुद मुनाफाको पाँच प्रतिशत रकम मौद्रिक दायित्व कोषमा राख्नका लागि मुनाफाबाट सो कोषमा जम्मा हुने गरी बाँडफाँड गरिनेछ । मौद्रिक दायित्व कोषमा रहेको यस्तो रकम बैङ्कको वित्तीय दायित्व पूरा गर्ने प्रयोजनका लागि मात्र खर्च गर्न पाईनेछ ।

(ख) बैङ्कले स्थापना गरेको साधारण जगेडा कोषमा बैङ्कको खुद मुनाफाको दश प्रतिशतमा नघट्ने गरी समितिले तोकेको रकम छुट्याइनेछ ।

(ग) खण्ड (ख) बमोजिम साधारण जगेडा कोषमा रकम छुट्याउँदा बैङ्कको वार्षिक बजेटमा उल्लेख भएका पूँजीगत खर्चलाई समेत खाम्ने गरी थप रकम विनियोजन गर्नु पर्नेछ ।

(घ) पुनर्मूल्याङ्कन नाफा बराबरको रकमलाई पुनर्मूल्याङ्कन जगेडा कोषमा राख्नु पर्नेछ ।

(ङ) खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका रकमहरु विनियोजन गरिसकेपछि समितिले बाँकी मुनाफाबाट अन्य कोषहरुमा आवश्यकता अनुसार रकम विनियोजन गरी बाँकी रहन आउने रकम नेपाल सरकारमा दाखिला गर्नेछ ।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम साधारण जगेडा कोषमा छुट्याइएको रकम बैङ्कलाई भएको नोक्सानी व्यहोर्न मात्र प्रयोग गर्न पाइनेछ ।

४२. खुद नोक्सानीको बाँडफाँड : (१) कुनै आर्थिक वर्षमा बैङ्कले खुद नोक्सानी वहन गरेमा त्यस्तो नोक्सानीलाई देहाय बमोजिम बाँडफाँड गरिनेछ :-

(क) खुद नोक्सानीमा कुल सञ्चालन नोक्सानी तथा पुनर्मूल्याङ्कन नोक्सानी समेत संलग्न छ भने कुल सञ्चालन नोक्सानीको रकमलाई साधारण जगेडा कोषमा वा पूँजी खातामा खर्च लेखी समायोजन गरिनेछ । पुनर्मूल्याङ्कन नोक्सानी रकम पुनर्मूल्याङ्कन जगेडा कोषमा खर्च लेखिनेछ । त्यस्तो बाँडफाँड गर्दा पुनर्मूल्याङ्कन जगेडा कोषको मौज्दात पनि ऋणात्मक भएमा साधारण जगेडा कोष वा पूँजी खातामा खर्च लेख्नु पर्नेछ ।

